सुदूरपश्चिम प्रदेश सरकारको
आर्थिक वर्ष २०८०/८१ को

# नीति तथा कार्यक्रम

माननीय प्रदेश प्रमुख श्री देवराज जोशीबाट
२०८० जेठ २४ गते बुधबारका दिन
प्रदेश सभामा प्रस्तुत

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली

**माननीय सभामुख महोदय,**
**माननीय प्रदेश सभा सदस्यहरू,**

सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको हैसियतले प्रदेश सभाको दोस्रो कार्यकालको बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु। मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण प्रातः स्मरणीय ज्ञात-अज्ञात सहिदप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिकलाई उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु।

संवत् २०७९ मंसिरमा प्रदेश सभाको निर्वाचन सम्पन्न भई नयाँ जनादेशसहित प्रदेश सरकार गठन भएको छ। यस अवसरमा म प्रदेश सभामा निर्वाचित हुनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछु र सुदूरपश्चिम प्रदेशसहित मुलुकको बृहत्तर हितमा समर्पित रहँदै समृद्ध र समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न यहाँहरूको कार्यकाल सफल रहोस् भनी शुभकामना व्यक्त गर्दछु।

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा भएको प्रगति प्रदेश सरकारको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै हुँदा वर्तमान सरकार गठन भएपश्चात् प्रारम्भ गरिएका केही महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु।

१. वर्तमान सरकार गठनसँगै प्रदेश सरकार र मुख्यमन्त्रीले सम्मानित प्रदेश सभामा सुशासन, शासकीय सुधार र अनुशासित योजना तथा विकास प्रणालीलाई संस्थागत गर्दै अघि बढ्ने वाचा गर्नुभएको सबैलाई विदितै छ। सरकारले अघि सारेको नीतिगत तथा अन्य सुधारात्मक कार्यको परिणाम क्रमश: देखिन थालेको छ। वर्तमान सरकारले कार्यभार सम्हालेको छोटो अवधिमा अवलम्बन गरेको कार्यदिशा र शैली उत्साहजनक छ। राजनीतिक सहमति जुटाउने, प्रदेश सभाको विश्वास लिई राजनीतिक स्थायित्वको प्रत्याभूति दिने र आगामी कार्यदिशा तय गर्ने कार्य सम्पन्न भएका छन्।

२. वार्षिक विकास कार्यक्रम पहिचान, छनौट र प्राथमिकीकरणमा अनुशासित र जवाफदेही प्रणाली स्थापनाको सुरुवात भएको छ। वार्षिक बजेट तर्जुमामा स्थानीय तहसँगको समन्वय र सहकार्यको संस्कृति प्रारम्भ गरिएको छ। योजना तर्जुमा दिग्दर्शनमा संशोधन गरी योजना छनौट प्रक्रियालाई संविधान, कानुन बमोजिम मागमा आधारित, यथार्थपरक र सहभागितामूलक तुल्याउने अभ्यास प्रारम्भ गरिएको छ। यसबाट संघ, प्रदेश र स्थानीय तहबिचको कार्यात्मक सम्बन्धमा सुधार हुने विश्वास लिइएको छ।

३. प्रदेशको धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पक्षको उजागर गर्न मानसखण्ड सम्मेलन सम्पन्न भएको छ। बडीमालिका, खप्तड, रामारोशन लगायतका पर्यटकीय क्षेत्रको प्रवर्धनका लागि विशेष पहल गरिएको छ। प्रथम खप्तड अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलन आयोजना गरिएको छ।

४. लामो समयदेखि निर्माण कार्यमा प्रगति नभएका विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ। विकास आयोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार गरिएको छ।

५. कृषि र ऊर्जा क्षेत्रको विकासका लागि विशेष पहल गरिएको छ। कृषि क्षेत्रको उत्पादन बढाउन रोग नियन्त्रण, आधुनिक प्रविधिको प्रयोग र उत्पादकत्व अभिवृद्धि गरिएको छ। वन क्षेत्रको अतिक्रमण नियन्त्रण र वन पैदावारलाई आर्थिक विकासको आधारको रूपमा उपयोग गर्न विशेष पहल गरिएको छ। यस प्रदेशमा रहेका राष्ट्रिय गौरव र प्रादेशिक गौरवका आयोजना कार्यान्वयनमा तीव्रता दिन संघ सरकार र कुटनीतिक एवम् विकास साझेदारसँग समन्वय र परामर्श गरिएको छ।

६. वर्तमान सरकारले यस अवधिमा सम्पादन गरेका क्रियाकलाप र उपलब्धि मुख्य रूपमा प्रणालीगत सुधारमा केन्द्रित रहेका छन्। विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमीकमजोरी सुधार गरी दिगो सुशासन र विकासको प्रत्याभूति दिलाउन सरकार क्रियाशील रहेको छ। यसबाट आम जनमानसमा सुशासन र विकासको आशा र भरोसाको सञ्चार भएको छ।

७. प्रदेशको संरचनात्मक दक्षता र स्रोतसाधनको विनियोजन कुशलता प्रभावकारी नभएको परिप्रेक्ष्यमा नागरिकका असीमित आवश्यकता र विकासप्रतिको तीव्र चाहना सम्बोधन गर्नु चुनौतीपूर्ण रहेको छ। विद्यमान चुनौती सामना गर्दै विकासका लक्ष्य क्रमशः हासिल गर्ने दिशातर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ।

८. नेपालको संविधान, संघ तथा प्रदेश सरकारका आवधिक योजना, दिगो विकासको लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता, हालसम्म प्राप्त उपलब्धि तथा अनुभव, स्रोत साधनको उपलब्धता, प्रदेशको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मार्गदर्शनको रूपमा लिई प्रदेश सरकारले प्रस्तुत नीति तथा कार्यक्रम तयार गरेको छ।

**माननीय सदस्यहरू,**

अब, म सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

९. प्रथम पञ्चवर्षीय योजनाको विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास कार्यक्रम तर्जुमा गरिनेछ।

१०. उद्यमशीलता विकास, रोजगार एवम् स्वरोजगारमूलक कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन एवम् क्षमता विकास कार्यक्रम सञ्चालन गरी प्रदेशको

आर्थिक विकास, रोजगारी र गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

११. आत्मनिर्भर प्रादेशिक अर्थतन्त्र निर्माणका लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरी लगानीमैत्री वातावरण सिर्जना गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

१२. सरकारको स्रोत व्यवस्थापनमा परेको चापलाई मध्यनजर गर्दै चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्चलाई बढावा दिइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डलाई परिमार्जन गर्नुका साथै एकीकृत आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गरिनेछ।

१३. वार्षिक विकास कार्यक्रममा लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट सांकेतीकरण सम्बन्धी निर्देशिका तर्जुमा गरिनेछ। लैङ्गिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन बजेट तर्जुमा एवम् सांकेतीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. हाल सञ्चालनमा रहेका बहुवर्षीय, क्रमागत र अधुरा एवम् दायित्व सिर्जना भएका आयोजनाको पुनरावलोकन गरी तोकिएको समयमै सम्पन्न गर्न बजेट विनियोजनमा प्राथमिकता दिइनेछ। आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

१५. प्रदेश गौरव, रणनीतिक महत्व र रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने कार्यलाई उच्च प्राथमिकतामा

राखिनेछ। आर्थिक र सामाजिक लाभ दिने एवम् पुँजी निर्माण हुने आयोजना वार्षिक विकास कार्यक्रममा समावेश गर्दै लगिनेछ। परियोजनामा आधारित बजेट प्रणालीलाई प्राथमिकता दिइनेछ।

१६. प्रदेश गौरवका आयोजना छनौट सम्बन्धी मापदण्ड निर्धारण गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरिनेछ। विषयगत क्षेत्र समेटिने गरी प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाहरूको रूपमा छनौट गरिनेछ।

**माननीय सदस्यहरू,**

१७. वित्तीय सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न र विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा जिल्ला सदरमुकाममा वित्तीय साक्षरता, अभिमुखीकरण एवम् क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१८. एकल खाता कोष प्रणाली, कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वय तथा सहकार्यमा सबल र सुदृढ बनाइनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइ वित्तीय सुशासन कायम गर्न ठुला प्रादेशिक आयोजनाको आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ।

१९. महालेखापरीक्षकको कार्यालयको विभिन्न प्रतिवेदनमा औंल्याइएको बेरुजु फछ्र्यौट गर्न कार्ययोजना बनाइ फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ। बेरूजु फछ्र्यौटको प्रगति प्रतिशतको आधारमा सम्बन्धित

कार्यालय प्रमुख तथा कर्मचारीलाई कार्यविधि बमोजिम सम्मान एवम् पुरस्कृत गरिनेछ।

२०. प्रदेश सरकारको राजश्व परिचालन क्षमता विस्तार गरिनेछ। संघ सरकारको विद्यमान वित्तीय हस्तान्तरण नीति तथा कानुनलाई समता, सन्तुलन र क्षतिपूर्तिको दृष्टिबाट परिमार्जन गर्न संघ सरकारसँग विशेष पैरवी गरिनेछ। आन्तरिक आय वृद्धिका सम्भावना अध्ययन गरी राजश्व परिचालनको कार्ययोजना कार्यान्वयन गरिनेछ।

२१. प्रदेश र स्थानीय तहबिचको आर्थिक, प्रशासनिक तथा वित्तीय अन्तरसम्बन्ध सुदृढ गर्न र राजस्व बाँडफाँट प्रभावकारी तुल्याउन प्रदेशबाट हुने वित्तीय हस्तान्तरण वृद्धि गर्नुको साथै योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा साझेदारी अभिवृद्धि गरिनेछ।

२२. वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, सहिद परिवार, एकल महिला, मुक्त कमैया, कम्लहरी, हलिया, दलित, बादी, राजी, राउटे, सोनाहाँ, गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवतीलाई प्रदेश स्वरोजगार कोषमार्फत सिपमूलक तालिम तथा सहुलियत ब्याजदरमा कर्जा प्रदान गरी स्वरोजगार र उद्यमशील हुन प्रेरित गरिनेछ।

२३. आर्थिक तथ्याङ्क व्यवस्थापन तथा तथ्यमा आधारित नीति तर्जुमाका लागि अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिइनेछ।

२४. प्रदेश सरकारका विकास नीति एवम् कार्यक्रमको प्रभावकारिता परीक्षणका लागि नीति संवाद, अनुसन्धान र पैरवी गरिनेछ।

२५. प्रदेश सरकारको निर्दिष्ट लक्ष्य हासिल गर्न सरकारी, गैरसरकारी र नागरिक समाजका निकायसँग समेत साझेदारी गर्न सकिने नीति अवलम्बन गरिनेछ। साझेदारीको ढाँचा एवम् मापदण्ड तर्जुमा सोही बमोजिम वस्तुनिष्ठ योगदान र परिभाषित भूमिकाको आधारमा उपयुक्त सम्झौताको माध्यमबाट मात्र साझेदारी गर्न सकिने प्रबन्ध मिलाइनेछ।

२६. आयोजना छनौट, प्राथमिकीकरण, वातावरणीय सन्तुलन, क्षेत्रगत तथा अन्तरनिकाय समन्वय लगायत भौतिक पूर्वाधार एवम् आर्थिक, सामाजिक विकास व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ। आयोजना छनौट र प्राथमिकीकरणलाई नियमित कार्यप्रणालीमा आवद्ध गरिनेछ।

**माननीय सदस्यहरू,**

२७. **"प्रदेश सरकार; कृषकको सहयोगी"** भन्ने नाराका साथ कृषि क्षेत्रको लागत न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न विद्युत, कृषि बिमा, कृषि कर्जा, बिउ, बेर्ना, नश्ल, रासायनिक मल र कृषि यन्त्र उपकरणमा प्रदान गर्दै आएको सहुलियतलाई निरन्तरता दिइनेछ ।

२८. **"कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश अभियान"** सञ्चालन गरी आगामी पाँच वर्षभित्र दलहन, मसलाबाली र फलफूलमा आत्मनिर्भर हुने नीति लिइनेछ। तरकारी, आलु, खाद्यान्न बिउ, केरा, दूध, मासु र अण्डामा आत्मनिर्भर हुने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२९. हालसम्म उपलब्ध गराउँदै आएको कृषि अनुदानमा देखिएका कमीकमजोरीलाई हटाउन र कृषि अनुदानको समुचित उपयोग सुनिश्चित गर्न **"व्यावसायिक कृषिका लागि शून्य ब्याज"** भन्ने नाराका साथ प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोष स्थापना गरिनेछ। कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषकलाई प्रदेश कृषि व्यवसाय प्रवर्द्धन कोषबाट शून्य ब्याजदरमा कृषि व्यवसाय कर्जा उपलब्ध गराइनेछ।

३०. साना किसानलाई उपलब्ध गराउँदै आएको सहायता तथा सहुलियतलाई उत्पादनमा आधारित तुल्याउन विद्यमान कार्यविधिमा संशोधन गरिनेछ।

३१. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण प्रवर्धन गर्ने कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। बहुतले खेती (भर्टिकल फार्मिङ्ग), नमुना फार्म स्थापना, चैते तथा मसिना धान प्रवर्धन, अभियानमुखी मकै भटमास प्रवर्धन, फलफूल बगैंचा स्थापना, बाख्रा, भेडा, च्याङ्ग्रा, माछा, बंगुरपालन र कृषि तथा पशुपन्छी उत्पादन बजारीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नुका साथै उत्पादनको बजारीकरणको लागि लागत साझेदारीमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ।

३२. कृषिमा आधारित उद्योग तथा उद्यमशीलताको विकास गर्दै कृषि पेसालाई औद्योगिक मूल्य श्रृंखलामा आवद्ध गरिनेछ। कृषिमा आधारित उद्योग प्रवर्धनका लागि कृषि उपकरण तथा प्रविधि हस्तान्तरण, कृषिवस्तु प्रशोधन, भण्डारण एवम् ढुवानी सम्बन्धी पूर्वाधार निर्माण निजी क्षेत्रसमेतको साझेदारीमा सञ्चालन गर्न **वृहत् एवम् विशेष उत्पादन तथा औद्योगिकीकरण कार्यक्रम** सञ्चालन गरिनेछ।

३३. खाद्य एवम् पोषण सुरक्षा सुनिश्चित गर्ने नीति कार्यान्वयन गर्न **"स्थानीय कृषिवस्तु उपभोग गरौं; खाद्य एवम् पोषण सुरक्षा सुनिश्चित गरौं"** भन्ने नाराका साथ रैथाने तथा पोषणयुक्त बाली प्रवर्धन, नवीन प्रविधिको प्रयोग र घरबारी बगैंचा जस्ता कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। स्थानीय तह, निजी र सहकारी क्षेत्रको साझेदारीमा खाद्यान्न भण्डार गृह स्थापना गर्ने नीति लिइनेछ।

३४. कृषि उत्पादन वृद्धि गर्न बाह्रै महिना खेतीका लागि साना सिंचाइ निर्माण तथा मर्मत कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सशर्त वित्तीय हस्तान्तरण गरिनेछ।

३५. सरकारी, निजी तथा सहकारी क्षेत्रको समन्वयमा उन्नत तथा वर्णशंङ्कर जातको बिउ उत्पादन गरी बिउ प्रतिस्थापन दरमा सुधार ल्याइनेछ। संघसंस्था, विद्यालय र कम्पनीको नाममा रहेको बाँझो जमिन स्थानीय तहको समन्वय र सहजीकरणमा चक्लाबन्दीमा व्यावसायिक खेती गर्ने व्यक्ति, फर्म तथा सहकारीलाई सहुलियत भाडादरमा उपलब्ध गराउने कार्यको सुरुवात गरिनेछ।

३६. प्रदेशभित्र रहेका कृषि तथा मत्स्य फार्म, स्रोत केन्द्र, प्रयोगशाला तथा कृत्रिम गर्भाधान केन्द्रहरूको स्तरोन्नति गरिनेछ। कैलाली जिल्लाको गेटामा स्थापना भएको तरल नाइट्रोजन प्लान्ट सञ्चालनमा ल्याइनेछ। बाली रोग किरा नियन्त्रण तथा विपद् जोखिम व्यवस्थापन गर्नका लागि विज्ञ सेवा सञ्चालन गरिनेछ।

३७. कृषि पेसालाई मर्यादित एवम् सम्मानित बनाउन उत्कृष्ट कृषक एवम् स्थानीय तहलाई पुरस्कृत गर्ने र अनुकरणीय अभ्यासलाई प्रचारप्रसार गर्ने व्यवस्था

मिलाइनेछ। कृषकको क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा **"एक स्थानीय तह; एक कृषक पाठशाला"** कार्यक्रम सञ्चालन गरिनेछ।

३८. प्रदेशभित्र रहेका सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन र मुक्त कमैया, हलिया तथा कम्लहरीको पुनःस्थापनाका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ। भूमि प्रशासनलाई चुस्त, सेवाग्राहीमैत्री तथा प्रविधियुक्त बनाउन प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ।

३९. पशु कल्याणका आधारभूत अवधारणा अवलम्बनमा जोड दिइनेछ। स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको साझेदारीमा छाडा पशुको दिगो व्यवस्थापन गरिनेछ।

४०. पशुपन्छीको रोग नियन्त्रण तथा पशु स्वास्थ्य सेवा सम्बन्धी विज्ञ सेवा एवम् आकस्मिक उपचार सेवा सबै जिल्लामा सञ्चालन गरिनेछ। जुनोटिक महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि वृहत् खोप तथा आकस्मिक उपचार र जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४१. सहकारी संस्थाहरूको सबलीकरण, सुदृढीकरण तथा नियमन गर्दै उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिनेछ। सहकारी संस्थाहरूमा सुशासन प्रवर्धन कार्यलाई प्रभावकारी बनाइनेछ।

**माननीय सदस्यहरू,**

४२. स्थानीय कच्चा पदार्थ र स्रोतको प्रयोग हुने गरी **"एक जिल्ला; एक उद्योग"** कार्यक्रम सञ्चालन गरिनेछ। सम्बन्धित जिल्ला तथा स्थानीय तह विशेष कृषि,

वन, खानी तथा खनिज कच्चा पदार्थमा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न विशेष सहुलियत तथा प्रोत्साहन उपलब्ध गराइनेछ। लगानीमैत्री वातावरण निर्माण गरी औद्योगिक प्रवर्द्धन गर्न संघ सरकार, सहकारी र निजी क्षेत्रसँग साझेदारी गरिनेछ। उद्योग क्षेत्रको विकासका लागि दश वर्षे औद्योगिक रणनीतिक योजना तयार गरिनेछ।

४३. सुदूरपश्चिम प्रदेशबाट हुने श्रम आप्रवासनलाई निरुत्साहन गर्न युवाको क्षमता विकास र रोजगारीको अवसर सिर्जना गरिनेछ। रोजगारीको सिलसिलामा सुदूरपश्चिम प्रदेशको भन्सार विन्दुबाट वैदेशिक रोजगारीमा जाने युवाको रोजगारी सम्बन्धी अभिलेख विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

४४. सुदूरपश्चिम प्रदेशमा सूचना प्रविधिको विकासका लागि युवालाई सूचना प्रविधि व्यवसायमा आकर्षित गर्न प्रोत्साहन एवम् सहुलियत प्रदान गर्नुको साथै डिजिटल साक्षरता दर अभिवृद्धि गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

४५. सुदूरपश्चिम प्रदेशका युवाहरूलाई सरकारी सेवामा आकर्षित गर्न प्रतिस्पर्धी क्षमता विकास गरिनेछ। यसका लागि परीक्षा तयारी सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४६. युवा उद्यमशीलता विकास गर्न स्टार्ट अप उद्यम कर्जा कोष स्थापना गरी वैदेशिक रोजगारीबाट फर्किएका २०० जना युवालाई स्टार्ट अप उद्यम कर्जा उपलब्ध गराइनेछ। संघ र स्थानीय तहका समान प्रकृतिका कार्यक्रमसँग साझेदारी गरी उद्यमशीलता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४७. सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना तथा सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ।

४८. **"सिप सिकौं; श्रम र पसिना स्वदेशमै बिकाउँ"** भन्ने नाराका साथ गुणस्तरीय औद्योगिक जनशक्ति विकास गर्नका लागि सपयसापेक्ष, माग तथा आवश्यकतामा आधारित युवा लक्षित सिपमूलक तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ। महिला, आदिवासी जनजाति, राउटे, दलित, अपाङ्ग, द्वन्द्वपीडित, सशस्त्र संघर्ष तथा जनआन्दोलनका सहिद परिवार लगायत आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थानका लागि सिपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४९. सुदूरपश्चिम प्रदेशमा सम्भावना रहेका खनिज पदार्थको खोज, अनुसन्धान तथा अन्वेषणका लागि अध्ययन अनुसन्धानका कार्य प्रारम्भ गरिनेछ।

५०. उद्योग तथा वाणिज्य प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन सेवाप्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ।

५१. उपभोक्ताको हक अधिकारको संरक्षण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण र आपूर्ति व्यवस्थालाई सहज बनाउन बजार अनुगमन तथा नियमनलाई नियमित र प्रभावकारी बनाइनेछ। हिमाली एवम् दुर्गम क्षेत्रमा नुन लगायतका अत्यावश्यक खाद्य सामग्रीको सहज र सुलभ आपूर्तिको व्यवस्था मिलाउन सहकार्य गरिनेछ।

**माननीय सदस्यहरू,**

५२. प्रदेश गौरवका आयोजना अन्तर्गतका सडक सञ्जालले समेट्ने क्षेत्रमा प्राकृतिक, भौगोलिक, धार्मिक, आध्यात्मिक एवम् पर्या-पर्यटन र कृषि, वन तथा साना सहरी विकास कार्यक्रमलाई एउटै सर्किटमा आबद्ध गरी पर्यटन र विकासमा बहुक्षेत्रीय एकीकरणको नमुना कार्यक्रमको ढाँचा तय गरिनेछ। यसका लागि **मुख्यमन्त्री एकीकृत पर्यटन विकास कार्यक्रम** तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खप्तड, बडीमालिका, रामारोशन, चिसापानी राजकाँडा, शुक्लाफाँटा, परशुरामधाम, घोडाघोडी, बेहडाबाबा, अपि, सैपाल लगायत पर्यटकीय सम्भावना भएका क्षेत्रको एकीकृत विकास गरिनेछ।

५३. **"पर्यटन पूर्वाधार; समृद्ध प्रदेशको आधार"** भन्ने नाराका साथ संघ सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन गुरुयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउनहिल साइड साइकल रुट, स्काइ साइकल, बन्जी जम्प, होमस्टे, जिपलाइन, प्याराग्लाइडिङ्ग, र्‍याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधार विकास गरिनेछ। हिमाली क्षेत्रमा पर्यटन विकासका लागि अपि-सैपाल बेसक्याम्पसम्म स्तरीय पदमार्ग तथा विश्रामगृह निर्माण गरिनेछ।

५४. पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण र आर्थिक विकासमा टेवा पुर्‍याउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका तालतलैयाको संरक्षण र प्रवर्धन गरिनेछ।

५५. वनस्पति र वन्यजन्तुको स्व-स्थानीय र परस्थानीय संरक्षण साथै पारिस्थितिकीय प्रणालीको एकीकृत र समुचित व्यवस्थापन गर्दै पर्या-पर्यटन प्रवर्धन गरिनेछ।

कैलालीको अत्तरिया आसपास रुख बिरुवा कम भएको तथा अतिक्रमणको जोखिम रहेको वन क्षेत्रमा संघ सरकारसँगको समन्वयमा प्रदेशस्तरीय चिडियाखाना स्थापनाको क्षेत्र निर्धारण, सीमाङ्कन र गुरुयोजना तयार गरी आगामी आर्थिक वर्षभित्र स्वीकृत गरी कार्य प्रारम्भ गरिनेछ।

५६. आगामी आर्थिक वर्षमा विजयसाल र ब्ल्याक तेन्दु लगायत विभिन्न प्रजातिका न्यूनतम दश लाख बिरुवा उत्पादन, वितरण तथा वृक्षारोपण गरिनेछ। प्रदेशभित्रका खुल्ला नाङ्गा डाँडा तथा अतिक्रमित क्षेत्रमा वृक्षारोपण गरी स्वच्छ पर्यावरणलाई बढावा दिइनेछ।

५७. वन पैदावारलाई आर्थिक विकासको साधनको रूपमा उपयोग गर्न आवश्यक नीतिगत र कानुनी सुधार गरिनेछ। एकीकृत संरक्षण र विकासको अवधारणा बमोजिम वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरिनेछ। वन सम्वर्द्धन प्रणालीका सिद्धान्तमा आधारित **दिगो वन व्यवस्थापन कार्यविधि** तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

५८. सामुदायिक वन हस्तान्तरण कार्यलाई व्यवस्थित गर्न तराई, चुरे र महाभारत क्षेत्रमा थप नयाँ सामुदायिक वन हस्तान्तरण गर्नु परेमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सहमति लिएर मात्र हस्तान्तरण गर्न सकिने व्यवस्था लागु गरिनेछ।

५९. जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको सङ्कलन, खेती बिस्तार, प्रशोधन, व्यावसायीकरण र निर्यात प्रवर्धन गरिनेछ। जडीबुटीको पकेट क्षेत्र पहिचान गरी नर्सरी स्थापना, वृक्षारोपण तथा प्राकृतिक अवस्थामा संरक्षण, जडीबुटी सङ्कलन र

बजारीकरण तथा मूल्य अभिवृद्धि शृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ। गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना गर्न धनगढी उपमहानगरपालिकामा रहेको जडीबुटी प्रशोधन केन्द्रलाई स्थानीय तहसँगको साझेदारीमा सञ्चालनमा ल्याइनेछ।

६०. वन पैदावारको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्न र प्राप्त हुने लाभको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था मिलाइनेछ।

६१. नागरिकको घरकाज र प्राकृतिक प्रकोप पीडितका लागि सहज तथा सुलभ रूपमा काठदाउरा उपलब्ध गराउन गठन हुन बाँकी रहेका जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालन गरिनेछ।

६२. सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणालीमा लेखा राख्ने लगायतका सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ।

६३. वनक्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमा रोकथाम गरी विगतमा भएका अतिक्रमणलाई क्रमशः हटाइनेछ। बढ्दो वन अतिक्रमणलाई निरुत्साहित गर्न सम्बद्ध निकायको समन्वयमा संस्थागत संरचना तथा नीतिगत व्यवस्था सहितको प्रदेश वन अतिक्रमण नियन्त्रण रणनीति र प्रदेश वन सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

६४. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नका लागि अन्तर निकाय समन्वयमा संस्थागत विकास कार्यक्रम सञ्चालन गरिनेछ। समस्याग्रस्त वन्यजन्तुको तत्काल उद्धार गर्न साधन सम्पन्न वन्यजन्तु उद्धार टोली गठन गरी परिचालन गरिनेछ।

६५. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन प्रणाली लागु गरिनेछ। भू-क्षय नियन्त्रण, क्षतिग्रस्त भूमिको पुनःस्थापना, बायो-इञ्जिनियरिङ सहितको तटबन्ध निर्माण, वर्षात्को पानीको उपयोग, जलपुनर्भरण, सिमसार व्यवस्थापन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ। चुरे क्षेत्रको जलवायुजन्य जोखिम न्यूनीकरण, भूमि तथा जलको उपयोग एवम् संरक्षण गरिनेछ।

६६. संरक्षण र विकाससँग सम्बन्धित निकायबिच समन्वय गरी निर्माणाधीन र निर्माण सम्पन्न आयोजनास्थलमा रहेका रुख व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा कानुनी सुधार गरिनेछ।

**माननीय सदस्यहरू,**

६७. **मुख्यमन्त्री शैक्षिक पूर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रम** मार्फत प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्थानीय माग र आवश्यकतामा आधारित प्रत्येक स्थानीय तहमा प्रदेशस्तरीय नमुना विद्यालय स्थापना, शैक्षिक गुणस्तर सुधार एवम् विद्यालय-उच्च शिक्षा शृङ्खला स्थापित गरी गुणस्तरीय शैक्षिक जनशक्ति विकास गर्ने लगायतका कार्यक्रम कार्यान्वयन आरम्भ गरिनेछ। विद्यालय शिक्षामा पहुँच, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाइ उपलब्धिको दिगोपनासँग सम्बन्धित कार्यक्रम यसै कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

६८. गुणस्तरीय उच्च शिक्षा हासिल जनशक्ति उत्पादन गरी प्रदेशको आर्थिक विकासमा उपयोग गर्न हाल विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित

उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई प्रदेश विश्वविद्यालयमा रूपान्तरण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

६९. संघ सरकार र स्थानीय तहसँगको साझेदारीमा प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई नमुना बालविकास केन्द्रको रूपमा विकास गरिनेछ। परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि अनुदान सहयोग गरिनेछ।

७०. विद्यालय नर्स कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ। बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमलाई विस्तार गरिनेछ।

७१. शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरी शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन आवश्यक तयारी गरिनेछ।

७२. अपाङ्गता भएका र सीमान्तकृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार निर्माण तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ।

७३. अति सीमान्तकृत वर्गको रूपमा रहेको बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा सहज पहुँचको लागि **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"** कार्यान्वयन गरिनेछ। विपन्न परिवारका छात्रछात्राहरूको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न प्राविधिक शिक्षा छात्रवृति प्रदान गरिनेछ।

७४. सिप परीक्षण केन्द्रहरूको सुदृढीकरण गरिनेछ। पूर्व सिकाइको मान्यता प्रणालीद्वारा प्रदेशभित्रका युवाको परम्परागत सिप परीक्षण गरी प्रमाणीकरण गरिनेछ।

७५. गरिब, विपन्न, सहिद तथा बेपत्ता परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लहरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा र चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस. र एम.डी. अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७६. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालयलाई अनुसन्धान एवम् नवप्रर्वतन कार्यक्रमका लागि अनुदान उपलब्ध गराइनेछ। उच्च शिक्षामा पहुँच विस्तारसँगै गुणस्तरमा सुधार गर्न सामुदायिक क्याम्पसहरूलाई कार्यसम्पादनका आधारमा अनुदान दिइनेछ।

७७. प्रदेशभित्रका विभिन्न जातजातिको पहिचान, भाषा, धर्म, संस्कार, संस्कृति, कला, साहित्यको उत्थान, संरक्षण र विकास गरिनेछ। प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको खोज तथा अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। प्रदेशस्तरीय संग्रहालय स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ। भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासमा संलग्न संस्थाको क्षमता विकास गरिनेछ। थारू जातिका बडघर र भलमन्सा प्रथालाई सम्बर्द्धन र व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ।

७८. **"खेलकुदको विकास; विद्यालयदेखि ओलम्पिकसम्म"** भन्ने नाराका साथ प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ। अछाम, बैतडी, कैलाली र कञ्चनपुरमा बहुउद्देश्यीय रंगशाला निर्माण र स्तरोन्नति गरिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मानसहित प्रोत्साहन गरिनेछ।

**माननीय सदस्यहरू,**

७९. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तर वृद्धि गरिनेछ। स्वास्थ्य सेवामा सबैको पहुँचका लागि टेलिमेडिसिन लगायत इ-हेल्थ र विस्तारित स्वास्थ्य सेवाको विकास र विस्तार गरिनेछ।

८०. सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको स्क्रिनिङ्गको दायरा बढाइ प्रदेशभित्र नै उपचारको व्यवस्था गरिनेछ।

८१. **"मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम"** अन्तर्गत स्वास्थ्य सेवा विस्तार एवम् सुधार र लक्षित वर्गको पोषण सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टीकापुर अस्पतालमा डायलाइसिस र सघन उपचार (आइ.सि.यु.) सेवा विस्तार गरिनेछ। सेती प्रादेशिक अस्पतालको बेड क्षमता बमोजिम जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ। सेती प्रादेशिक अस्पतालमा वर्न युनिट सेवा विस्तार गरी आधुनिक निदान पद्धतिमार्फत सेवा प्रदान गरिनेछ। प्रदेश मातहतका अस्पतालहरूमा मुख, आँखा, नाक, कान स्वास्थ्य सम्बन्धी

सेवा सुदृढ गरिनेछ। प्रदेशमा कुपोषण न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजना अन्तर्गत स्वास्थ्य सेवा एवम् पोषण सामग्री वितरण कार्यलाई थप विस्तार गरिनेछ। गर्भवती, सुत्केरी, वृद्धवृद्धा लगायत लक्षित वर्गलाई स्वदेशी कृषि उपज एवम् रैथाने बालीबाट उत्पादित पोषण सामग्रीसहितको किट उपलब्ध गराइनेछ ।

८२. प्रदेश मातहत रहेका अस्पतालहरूको स्तरोन्नति र क्षमता अभिवृद्धि गरिनुका साथै हाल स्थानीय तहबाट सञ्चालित बाजुराको कोल्टी, दार्चुलाको गोकुलेश्वर, डडेल्धुराको जोगबुढा र कैलालीको लम्कीचुहा अस्पताललाई प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति गर्न स्थानीय तहसँग समन्वय र साझेदारी गरिनेछ।

८३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको थप विकास तथा विस्तार गरिनेछ। प्रादेशिक आयुर्वेद चिकित्सालयमा विशेषज्ञ सेवा सञ्चालन गरिनेछ। साथै, नसर्ने रोग रोकथाम नियन्त्रणका लागि आयुर्वेदका विशिष्टीकृत सेवाहरू पूर्वकर्म, पञ्चकर्म, योग तथा स्वस्थ जीवन सेवा विस्तार गर्न प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरूलाई सुदृढीकरण गरिनेछ। प्रदेशस्तरीय योग तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापनाका लागि प्रारम्भिक अध्ययन गरिनेछ।

८४. महिलाको प्रजनन स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ बनाइनेछ। पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने लगायतका रोगहरूको पहिचानका लागि स्क्रिनिङ्ग क्याम्प सञ्चालन गरिनेछ। सम्बन्धित सरकारी र गैरसरकारी संघसंस्थाको साझेदारीमा जटिल प्रकृतिका रोगको निदान तथा उपचार गर्न विषेशज्ञसहितको स्वास्थ्य

शिविर सञ्चालन गरिनेछ। ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ।

८५. स्वास्थ्य सुधारयोग्य शारीरिक विकृति भएका बालबालिकाको पहिचान गरी प्रेषण र निःशुल्क उपचारको व्यवस्था गरिनेछ।

८६. ज्येष्ठ नागरिकको सहज जीवनयापनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ। ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवा सेवा केन्द्र सञ्चालनमा प्रोत्साहन गरिनेछ। प्रादेशिक अस्पतालबाट ज्येष्ठ नागरिकलाई निमोनिया र इन्फ्ल्युएन्जा विरुद्धको खोप दिने व्यवस्था मिलाइनेछ।

८७. **सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान** सञ्चालनमा स्थानीय तह, निजीक्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ।

८८. प्रदेशभित्र एम्बुलेन्स सेवालाई डिजिटलाइजेसन गरी अत्यावश्यक सूचना तथा तथ्याङ्क व्यवस्थापनका लागि प्रादेशिक प्रेषण केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

८९. स्वास्थ्यमा सबैको पहुँचका लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। गरिब र असहाय बिरामीको स्वास्थ्य उपचारमा सहायता र पहुँचका लागि सामाजिक सुरक्षा इकाइलाई थप व्यवस्थित र सुदृढ गरिनेछ। **“स्वास्थ्य सुरक्षाका लागि बिमा”** भन्ने नाराका साथ संघ सरकारसँगको समन्वयमा स्वास्थ्य बिमालाई थप विस्तार तथा प्रभावकारी बनाइनेछ।

९०. **“मेरो स्वास्थ्य; मेरो जिम्मेवारी”** नारा सहित नसर्ने, दीर्घ र मानसिक रोगहरूको रोकथाम र नियन्त्रणका लागि संघ सरकार र स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गरिनेछ।

**माननीय सदस्यहरू,**

९१. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गरिनेछ। विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका महिलाको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै विशेषतः थारू, बादी, राजी, सोनाहाँ, कम्लहरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरीका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ।

९२. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गरिनेछ। बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि आपत्कालीन कोष स्थापना गरिनेछ।

९३. बौद्धिक अशक्तता तथा अटिज्म भएका व्यक्तिहरूका लागि गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा शारीरिक अशक्तता पुनःस्थापना केन्द्रहरूको स्थापना र विस्तार गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ।

**माननीय सदस्यहरू,**

९४. प्रभावकारी रोजगार व्यवस्थापनका लागि संघ र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९५. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले सिकेको ज्ञान र सिप अनुसार व्यवसाय गर्न वित्तीय पहुँचसहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ। त्यस्ता श्रमिकहरूको सिप प्रमाणीकरण गरी उनीहरूलाई व्यावसायिक तालिम प्रशिक्षकका रूपमा आवश्यकतानुसार उपयोग गरिनेछ।

९६. निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेशभित्रै रोजगारीका अवसर वृद्धि गर्नुको साथै श्रमलाई मर्यादित बनाइनेछ। सम्पूर्ण श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

९७. सडकको योजनावद्ध विकास गरी यातायात सेवालाई गुणस्तरीय, सुरक्षित, मितव्ययी र सर्वसुलभ बनाउन मापदण्ड सहितको प्रादेशिक सडक गुरुयोजना तर्जुमा गरी प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गरिनेछ।

९८. भौतिक पूर्वाधार विकासमा गरिने लगानीलाई उत्पादनशील तुल्याइनेछ। आर्थिक सामाजिक प्रतिफल सुनिश्चित हुने र क्षेत्रगत विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना छनौट र प्राथमिकीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

९९. सडक पूर्वाधार निर्माण कार्यमा संघ सरकार, विकास साझेदार एवम् स्थानीय तहको समन्वय र सहकार्यमा सडक सञ्जाल विकास गरिनेछ। आगामी पाँच वर्षभित्र सबै स्थानीय तहका केन्द्रमा पुग्ने सडक सञ्जाल विस्तार गरिनेछ। सर्वयाम यातायात सञ्चालन हुने गरी रणनीतिक महत्वका सडकहरूमा सडक पुल निर्माण

गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवामा सहज पहुँच एवम् सुरक्षित बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१००. प्रदेश गौरव एवम् रणनीतिक महत्वका आयोजनाहरूको निर्माण कार्यलाई निर्धारित समय तथा लागत भित्र सम्पन्न गर्न अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

१०१. सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिनेछ।

१०२. सडक क्षेत्रमा वृक्षारोपण, बायो-इन्जिनियरिङ्ग तथा वातावरणीय सौन्दर्यीकरण कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

१०३. गोदावरी-अत्तरिया-धनगढी चौराहा सडक खण्डमा मोनोरेल सेवाको सम्भाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा अगाडि बढाइनेछ।

१०४. स्थानीय तहसँगको सहकार्य एवम् समन्वयमा सडक, सिंचाइ, खानेपानी लगायतका सम्पन्न भौतिक संरचनाको दिगो सञ्चालन, संरक्षण एवम् मर्मतसम्भार गर्न नीतिगत व्यवस्था गरिनेछ।

१०५. “हाम्रो जलभण्डार; समृद्धिको आधार” भन्ने नारासहित प्रदेशको विकास र समृद्धिका लागि जलस्रोतको बहु-उपयोगितालाई प्रवर्धन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्रदेशभित्र छिट्टै प्रतिफल दिने जलविद्युत उत्पादनका लागि सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरी निर्माण कार्य अगाडि बढाइनेछ।

१०६. केन्द्रीय प्रसारण लाइन नपुगेका उज्यालोबाट वञ्चित ग्रामीण तथा दुर्गम क्षेत्रका बस्तीमा स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक एवम् नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटकीय स्थानमा सौर्य ऊर्जा लगायत अन्य वैकल्पिक ऊर्जाको व्यवस्था मिलाइनेछ।

१०७. कृषिमा आत्मनिर्भरता बढाउन प्रादेशिक सिंचाइ गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ। कृषियोग्य सुख्खा टारलगायत खेतीयोग्य जमिनको उत्पादकत्व बढाउन बाह्रै महिना सिंचाइ सुविधा हुने गरी सिंचाइ प्रणालीको विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ। सिंचाइ सुविधा पुगेको क्षेत्रमा सञ्चालित सिंचाइ प्रणालीको मर्मतसम्भार तथा सुधारको कार्यक्रम विस्तार गरिनेछ।

१०८. विषयगत मन्त्रालयको समन्वयमा जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि सञ्चालन हुने क्षेत्रमा प्राथमिकता दिई सिंचाइ लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गरिनेछ। सिंचाइ प्रणालीको निर्माण तथा व्यवस्थापनमा सहकारी, सामुदायिक तथा निजी क्षेत्रलाई सहभागी गराइनेछ।

१०९. जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि नदी नियन्त्रण तथा व्यवस्थापनको उपयुक्त प्रविधि प्रयोग गरिनेछ। जमिन उकास हुने गरी पथरैया, रोरा, चरेला, शिवगंगा, घुराहा, घुरही, काँडा, कान्द्रा, बनारा, चौधर र मछेली नदीमा नदी नियन्त्रण, सिंचाइ, खानेपानी सुधारसहितको एकीकृत पूर्वाधार निर्माण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

११०.बाढी तथा पहिरोबाट जोखिमयुक्त बस्ती, सार्वजनिक संस्था तथा खेतीयोग्य जमिन संरक्षण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइनेछ। वर्षातको समयमा तराई क्षेत्रको बस्तीमा हुने डुबान समस्याको दीर्घकालीन समाधानको लागि अध्ययन, अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ।

१११.महाकाली, कर्णाली र सेती नदीमा रिभर-बिच-पार्क तथा जल यातायातको सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

११२.सबैलाई आधारभूत स्तरको खानेपानी सेवामा पहुँच सुनिश्चित गर्न **"एक घर; एक धारा कार्यक्रम"** सञ्चालन गरिनेछ। भूमिगत जलसतह तथा पानीका सतही स्रोतहरू घट्दै गइरहेका क्षेत्र, खानेपानी सेवाबाट वञ्चित तथा विपन्न बस्तीहरूमा खानेपानी आपूर्तिको विशेष व्यवस्था गरिनेछ।

११३.संघ र स्थानीय तहको समन्वय तथा सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

११४.मध्यम तथा उच्चस्तरको खानेपानी सेवाको स्तरवृद्धि गर्न समुदायमा आधारित खानेपानी आयोजना, सामुदायिक विद्यालय एवम् स्वास्थ्य संस्थामा विशेष प्राथमिकता दिई गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

११५.स्थानीय तह र अन्य सरोकारवाला संघसंस्थासँगको समन्वय तथा साझेदारीमा फोहरमैला व्यवस्थापन र प्रशोधन सम्बन्धी कार्यक्रम अगाडि बढाइनेछ।

११६.**"प्रदेश प्रमुख एकीकृत बस्ती विकास परियोजना"** कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत हिमाली तथा पहाडी जिल्लाबाट हुने बसाइसराइलाई न्यूनीकरण गर्न

सहरोन्मुख गाउँको गुरुयोजना तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। तराई क्षेत्रका बस्तीलाई एकीकृत पूर्वाधार विकासको अवधारणा अनुरूप नमुना गाउँको रूपमा विकास गरी अति विपन्न र सीमान्तकृत वर्गका लागि आवास कार्यक्रम सञ्चालन गरिनेछ।

११७. प्रदेश राजधानी निर्माणको उपयुक्त मोडेल पहिचानसहित गुरुयोजना तर्जुमा गरी निर्माण कार्य अगाडि बढाइनेछ। प्रदेश मन्त्रालय एवम् निकायहरूको भौतिक संरचनात्मक सुधार अन्तर्गत भवन निर्माण तथा मर्मत सम्भार गरिनेछ। प्रदेशस्तरीय सरकारी भवन डिजाइन तथा निर्माण गर्दा एकद्वार नीति अवलम्बन गरिनेछ। राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ।

११८. प्रदेश यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी नियमावली, कार्यविधि वा निर्देशिका र मापदण्ड तर्जुमा गरी सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, भरपर्दो र नयाँ प्रविधियुक्त बनाइ सञ्चालन गरिनेछ।

११९. सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र आर्काइभिङ गरिनेछ। यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाइ चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजश्व भुक्तानी लगायतका सेवाहरू अनलाइन प्रणालीबाट सञ्चालन गरिनेछ। प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने व्यवस्था मिलाइनेछ।

१२०. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेसन सहितको **एकीकृत स्मार्ट रिफ्रेसमेन्ट एण्ड ट्रान्सफर सेन्टर**को सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ।

**माननीय सदस्यहरू,**

१२१.प्रदेश प्रहरी समायोजन तथा गठन कार्यलाई शीघ्रता दिन संघ सरकारसँग विशेष पहल गरिनेछ। शान्ति सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण गर्न सुरक्षा निकायको क्षमता अभिवृद्धि गरी कार्यसम्पादन प्रभावकारी तुल्याइनेछ। प्रदेशले प्रदान गर्दै आएको भौतिक तथा वित्तीय सहयोगलाई निरन्तरता दिइनेछ। प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ।

१२२.कारागारलाई सुधारगृहको रूपमा विकास गरिनेछ। संघ सरकारसँगको समन्वयमा प्रादेशिक कारागार स्थापना गर्ने प्रक्रिया आरम्भ गरिनेछ। प्रदेशस्थित कारागारहरूमा विद्यमान रहेका भौतिक पूर्वाधार र आधारभूत सुविधा स्तरोन्नति गरी आय आर्जनका लागि सिप तथा उद्यम विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, कारागारमा खेलकुद सामग्री वितरण, ध्यान योग, संगीत जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२३.विपद् जोखिम न्यूनीकरणलाई क्षेत्रगत विकास नीति र कार्यक्रममा मूल प्रवाहीकरण गरिनेछ। **"विपद् पूर्व तयारी; हाम्रो जिम्मेवारी"** नाराका साथ विपद् जोखिमबाट सुरक्षित तथा उत्थानशील प्रदेश निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१२४.विपद्बाट प्रभावित हुने क्षेत्र र समुदायमा तत्काल सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन विपद् सम्बन्धी एकीकृत पूर्वसूचना प्रणालीको विकास गरिनेछ। साथै, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपतकालीन कार्यसञ्चालन

केन्द्रको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा बहुउपयोगी सेल्टर हाउस निर्माण प्रक्रिया अघि बढाइनेछ ।

१२५. **"युवाहरूको जिम्मेवारी; लागु औषध विरुद्ध खबरदारी"** भन्ने नारालाई सार्थक तुल्याउन लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना बमोजिम संघ सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको समन्वयमा लागु औषध रोकथाम तथा नियन्त्रण अभियान सञ्चालन गरिनेछ। लागु औषध प्रयोगकर्ताहरूको लागि प्रदेशस्तरीय पुनःस्थापना केन्द्र स्थापना गरिनेछ।

१२६. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। प्रदेशमा मौलिक हक तथा मानव अधिकारको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन गरी मानव अधिकार प्रोफाइल तयार गरिनेछ। समन्वय, सहकार्य र सहकारिता, संविधान कार्यान्वयनको प्रभावकारिताको सिद्धान्त अनुसार संविधानमा रहेका अधिकार सूची तथा कार्यविस्तृतीकरण र प्रदेशमा बनेका कानुनहरूको विश्लेषण गरी तर्जुमा तथा संशोधन गर्नुपर्ने कानुनको प्राथमिकीकरण कार्ययोजना बनाइ कानुन तर्जुमा प्रक्रियालाई व्यवस्थित गरिनेछ।

१२७. समाजमा रहेका छुवाछुत तथा भेदभाव, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव बेचबिखन, मानव अधिकार हनन र विद्युतीय अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२८. आमसञ्चार र पत्रकारिता क्षेत्रको विकास एवम् संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशको आमसञ्चार क्षेत्रलाई प्रवर्धन गर्न

प्रदेशका विविध गतिविधि तथा असल अभ्यास उत्पादन तथा प्रसारण गरी नागरिक समक्ष पुऱ्याउने व्यवस्था मिलाइनेछ।

१२९. प्रदेश सभा, विषयगत समिति र सचिवालयका लागि आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ। प्रदेश सभाको विधायिकी भूमिकालाई थप प्रभावकारी तुल्याउन अन्तर प्रदेश सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

१३०. नैतिकवान सार्वजनिक व्यवहार प्रदर्शन गर्दै स्वच्छ मूल्य मान्यता र सदाचार सुदृढ गर्ने दिशामा प्रदेश सरकार कृयाशील रहनेछ। प्रदेशका सबै निकायमा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता कायम गर्दै प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरिनेछ।

१३१. कर्मचारी उत्प्रेरणा, असल कार्य वातावरण निर्माण र संस्थागत सुशासनलाई थप सबल एवम् सुदृढ बनाइनेछ। प्रदेश निजामती सेवाको गठन तथा सञ्चालन सम्बन्धी कानुनलाई समसामयिक परिमार्जन गरी प्रदेशमा समायोजन भई कार्यरत कर्मचारीको पदोन्नति लगायत वृत्ति विकास सुनिश्चित गरिनेछ।

१३२. सुशासन प्रवर्धन गर्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुका साथै भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागु गर्न भ्रष्टाचार न्यूनीकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। हेलो सि.एम. कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३३.प्रदेश लोक सेवा आयोगको लागि जग्गा प्राप्ति एवम् भवन निर्माण कार्य अगाडि बढाइनेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति कार्यलाई प्रभावकारी बनाउन आयोगलाई स्रोतसाधन सम्पन्न बनाइनेछ ।

१३४.सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन, अनुसन्धान एवम् प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

१३५.प्रदेशमा कार्यरत कर्मचारीका लागि सेवा प्रवेश तालिम, सेवाकालीन तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ।

१३६.निजामती कर्मचारी आवासीय विद्यालयमा दक्ष शिक्षकको व्यवस्था एवम् उपयुक्त शिक्षण सिकाइ वातावरण तयार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३७.राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१३८.प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ। विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

**माननीय सभामुख महोदय,**

**माननीय प्रदेश सभा सदस्यहरू,**

आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल सुदूरपश्चिम प्रदेश निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी विकासको प्रक्रिया थप गतिशील हुनेछ। प्रभावकारी र नतिजामुखी सेवा प्रवाह भई विकास निर्माणमा तीव्रताका साथै सुशासनको प्रत्याभूति हुनेछ। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय र प्रादेशिक हित, गौरव, स्वाभिमान र सम्मान अभिवृद्धि हुने भएकाले यसमा प्रदेश सभाको समर्थन र कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, किसान, श्रमिक वर्ग, उद्योगी, व्यवसायी, नागरिक समाज, आम सञ्चारजगत र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

धन्यवाद !

दिनाङ्कः २०८०/०२/२४, बुधबार